स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी भदौ २९ गते प्रदर्शनको तयारीमा रहेको फिल्म 'भगवद् गीता' छायांकनदेखि नै चर्चामा छ । झरना थापा निर्देशित यो फिल्मको आज टिजर सार्वजनिक गर्ने तयारी छ । यससँगै फिल्मको प्रचारप्रसार पनि औपचारिक रुपमा सुरु भएको छ । अमेरिकामा अध्ययनरत अभिनेत्री सुहाना थापा फिल्म प्रचार र बाँकी छायांकनका लागि नेपाल आइपुगेकी छन् । फिल्मको मूल छायांकन सकेर उनी अध्ययनका लागि अमेरिका फर्किएकी थिइन् । नेपाल आइसकेपछि उनी स्वरांकनसहित प्रचारमा सक्रिय हुन थालेकी छन् ।

आजको विचार...



भेषराज पोखरेल

मौद्रिक...

(दुई पेजमा)

निर्देशक रिमेश अधिकारी नेपालको इतिहासकै ठूलो हत्याकाण्ड मानिने कोतपर्व माथि फिल्म निर्माण गर्ने तयारीमा छन् । फिल्मको नाम 'कोतपर्व' नै राखेर उनले मुख्य भूमिकामा रमेश उप्रेती र सौगात मल्ललाई अनुबन्ध समेत गरिसकेका छन् । यसअघि 'कोतपर्व' नाममै अभिनेत्री पूजना प्रधानले फिल्म निर्माण गर्ने तयारी गरेकी थिइन् । २०७५ सालमा चलचित्र विकास बोर्डमा दर्ता भएको फिल्मको निर्देशकमा रिमेश अधिकारीकै नाम छ । तर, तीन वर्षसम्म फिल्म नबनेपछि 'कोतपर्व'को इजाजत खारेज भैसकेको छ ।



❒ वर्ष २८ ❒ अंक ३४५ ❒ २०८० असार २८ गते बिहीबार 13 July 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### जनतालाई सहज सेवा दिन निर्देशन

**लुम्बिनी,** असार २७/बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले सेवा प्रवाहमा सुधार ल्याउन बुटवलका कार्यालय प्रमुखलाई निर्देशन दिएका छन् । बुटवल उपमहानगरपालिकाले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा उनले बुटवलभित्रका सबै कार्यालयबाट प्रदान गरिने सेवामा सुधार ल्याउँदै जनतालाई सहज रुपमा सेवा दिन निर्देशन दिएका हुन् । उनले बुटवल उपमहानगरपालिकाले दिने सेवालाई अझ प्रभावकारी बनाउन नागरिकको पहुँच विस्तार गर्न 'च्याटबट' सञ्चालनमा ल्याएको र सहायता कक्षसमेत सञ्चालन गरेको बताए । 'बुटवल उपमहानगरका सेवामा समस्या छन् भने हामी सुधार गर्छौं', उनले भने, 'अरु कार्यालयका समस्या प्राथमिकता अनुसार सुधार गर्दै जान म यहींबाट अनुरोध गर्छु ।' कार्यक्रममा उपप्रमुख सावित्रादेवी अर्यालले बुटवललाई समृद्ध बनाउनका लागि सबै पक्षको साथ र सहयोग जरुरी रहेको बताइन् । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले नगरका सेवासुविधालाई प्रभावकारीरुपमा प्रवाह गर्न तत्पर रहेको भन्दै कुनै गुनासो रहेमा सिधै सुझाव दिन आह्वान गरे ।**रासस**

# विमानस्थल पुग्नेहरु भक्कानिन्छन्

**रोजगारीका लागि विदेश जाने सबैका कथा व्यथा छन् । अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थल हुँदै कोही पहिलो पटक कमाउन विदेश जाँदैं थिए भने कोही कर्मभूमी विदेशलाई नै बनाएकाहरू थिए । व्यथा फरक भए पनि सबैको एउटै गुनासो थियो । स्वदेशमा रोजगारीका अवसर नै पाइदैन् ।**

**रामचन्द्र रायमाझी**

**काठमाडौं,** असार २७/त्रिभुवन विमानस्थल पुग्ने व्यक्ति भावुक नबन्ने कमै हुन्छ । दिनहुँ जसो भीड देखिने विमानस्थलको प्रस्थानतर्फको भाग सधैंजसो भावुक 'मुड'मा नै हुन्छ । सोमबार त्यहाँ पुग्दा वैदेशिक रोजगारीमा जानेको लाइनमा उभिएका आफ्ना साथीभाइ, छोराछोरी, र आफन्तजनलाई अंगालेर आँसु खसाल्दै गरेका दुश्यहरु देखिन्थे ।

हाँसोले विदाइ गर्ने बाचा गरेर विमानस्थल पुगेकाहरु विछोडको पीडा सहन नसकेर एकाएक भक्कानिएका थिए । छोरालाई अमेरिका पठाउन धनगढीबाट विमानस्थल पुगेका सुजन बर्तौला निकै भावुक मुद्रामा देखिन्थे । जब छोरा बसन्त बर्तौला बुबालाई हात हलाउँदै विमानस्थलको प्रवेशद्धारबाट भित्रिन्छ, तब बुवा सुजन निकै भावुक बन्छन् । उनले गहभरी आँसु लिदै भन्छन् 'देशमा रोजगारी छैन, के गर्नु पैसा कमाउन कै लागि भए पनि विदेश



जानु हाम्रो बाध्यता रह्यो । २१ वर्षको छोरालाई विदेश पठाउँदा नरमालो लागेको छ ।' अर्घाखाँचीबाट कोरिया जान लागेकी छोरीलाई विमानस्थलसम्म छोड्न पुगेकी ४६ वर्षीया सावित्रा गौतमको अनुहारमा पनि खुसी थिएन । उनी छोरीलाई विदाई गर्दा अंगालो मारेर रोइन् । छोरी मनिषाले मन सम्हादै आमालाई नरुन आग्रह गर्दै विमानस्थल तर्फ प्रवेश गरिन् । छोरी भित्र नजाँदासम्म आमा सावित्राले छोरीलाई बाहिरैबाट भावुक हुँदै हेरिरहिन । उनीहरु मात्र होइन आफन्त, साथी भाईहरुलाई छोड्न विमानास्थल पुगेका अधिकांसहरुको आखाँ रसाएका देखिन्थे । धादिङका उमेश बुढा त्रिभुवन विमानस्थलमा निन्याउरो अनुहार लगाएर उभिएका थिए । कतार जान लागेका उनका खुट्टा काँपेका थिए । नगई सुख पनि छैन, 'यहाँ त दुःख गर्छु भन्दा पनि गर्न पाइएन,' सरकारसँग उनको गुनासो थियो । विदेशिने युवाको लाइनमा बस्नु उनका लागि बाध्यता मात्रै हैन, बाँच्ने र परिवारको सपना साकार पार्ने एउटै विकल्प पनि हो । विमानस्थलको प्रस्थानतर्फको भागमा रहेकी दाङकी पार्वती खत्री पनि पहिलो पटक दुवई जान लागेकी थिइन् । आफन्तसँगै विमानस्थल पुगेकी उनी निकै भावुक देखिन्थिइन् । उनले भनिन्, 'म पहिलो पटक विदेश जादैंछु, घरमा कमाउने कोही छैनन्, नेपालमा काम पाइँदैन, साहुबाट लिएको तीन लाख ऋृण तिर्नकै लागि विदेश हिडेकी हुँ, विदेश गएर ऋृण तिरौला भनेर जादैंछु, खाना पकाउने, भाडा धुने काम त म पनि गर्न सक्छु, कमाइ कसो नहोला र !' कञ्चनपुरका रमेश शर्मा भरखर स्नातक पढ्दै छन् । उनले दोस्रो वर्षको परीक्षा दिए । तर पारिवारिक अवस्था कमजोर भएका कारण उनी पनि मलेसिया जाँन विमानस्थल पुगेका थिए । उनले भने, 'घरमा कमाउने अरु छैनन्, यहाँ जागिरको खोजीमा धेरै भौंतारिए तर केही काम पाएन त्यसैले बाध्य भएर विदेश जाँदै छु ।' रोजगारीका लागि विदेश जाने सबैका कथा व्यथा छन् । अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थल हुँदै कोही पहिलो पटक कमाउन विदेश जादैं थिए भने कोही कर्मभूमी विदेशलाई नै बनाएकाहरू थिए । व्यथा फरक भए पनि सबैको एउटै गुनासो थियो । स्वदेशमा रोजगारीका अवसर नै पाइदैन् । नपढेका र थोरै पढेका मात्रै हैनन्, ११/१२ कक्षादेखि स्नाकोत्तर गरेकाहरू पनि रोजगारीका लागि विदेशीन बाध्य छन् । वैदेशिक रोजगारीका सिलसिलामा दैनिक झण्डै तीन हजार युवा विदेश जाने गरेको पाइएको छ । वैदेशिक रोजगार विभागले पछिल्लो समय करिब तीन हजार नेपाली युवायुवती रोजगारीको खोजीमा विदेश जाने गरेको बताएको छ । वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरूको संख्या पछिल्लो समय बढ्दै गएको छ । दिनप्रति दिन देशमा रोजगार नहुँदा युवावर्ग विदेशिने क्रम बढ्दै गए पनि सरकारले स्वदेशमै रोजगारी सिर्जना गर्ने तर्फ ध्यान दिएको छैन ।

## प्रधानमन्त्री दाहाललाई पत्नी शोक



**पाल्पा,** असार २७/प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पत्नी शोक परेको छ । छोरा प्रकाश गुमाएको साढे पाँच वर्षपछि पत्नी सीताको निधनले प्रधानमन्त्री दाहाललाई अर्को बज्रपात थपिएको हो ।

उनकी ६९ वर्षीया पत्नी सीताको बुधबार बिहान नर्भिक अस्पतालमा निधन भएको थियो । लामो समयदेखि वंशाणुगत पार्किन्सन जस्तो देखिने रोगबाट पीडित सीताको स्वास्थ्य अवस्था जटिल भएपछि उनलाई बुधबार बिहान नर्भिक अस्पताल लगिएको थियो । उपचारकै क्रममा दाहालको ८ बजेर ३३ मिनेट जाँदा निधन भएको हो । यसअघि अमेरिका, भारतको मुम्बई र सिंगापुरमा उपचार गर्दा पनि उनको रोग निको भएको थिएन । कम बोल्ने तर पार्टी र नेतृत्वको हितमा बोल्ने उनको बानीले नेता तथा कार्यकर्तालाई गहिरो प्रभाव पारेको छ । दाहाल माओवादी केन्द्रकी सल्लाहकार समेत रहेकी थिइन् । विसं २०११ असार २१ गते कास्कीको हेम्जामा आमा हरिकला पौडेल र बुवा महेश्वर पौडेलको कोखबाट जन्मिएकी दाहालको २०२६ सालमा प्रधानमन्त्री दाहालसँग विवाह भएको थियो । विसं २०२८ देखि नै कम्युनिस्ट आन्दोलनमा आबद्ध उनी जिल्ला, क्षेत्र र केन्द्रका विभिन्न जिम्मेवारीमा रहँदै हाल माओवादी केन्द्रको सल्लाहकार थिइन् ।

मुलुकमा गणतन्त्र ल्याउनका लागि भएको जनयुद्धको समयमा उनले पति प्रचण्डको नेतृत्वलाई सफलतामा पुऱ्याउन आफ्नो जीवन बाजी लगाएर सहयोग पुऱ्याएकी थिइन् ।

*(...बाँकी अन्तिम पेजमा)*

## बजार मूल्य राम्रो भएपछि कुरिलो खेतीप्रति किसानको आकर्षण

**नारायण विक (रासस)**

**गल्याङ,** असार २७/पछिल्लो समय स्याङ्जाका किसान कुरिलो खेतीप्रति आकर्षित हुँदै गएका छन् । औषधिय गुण भएको कुरिलोको बजार मूल्य राम्रो भएपछि यहाँका किसान कुरिलो खेतीतर्फ आकर्षित हुँदै गएका हुन् ।

जिल्लाको पुतलीबजार, भीरकोट, वालिङ, चापकोट र गल्याङ नगरपालिका, फेदिखोला, आँधीखोला, बिरुवा, अर्जुनचौपारी, हरिनास र कालीगण्डकी गाउँपालिकामा कुरिलोको व्यावसायिक तथा निर्वाहमुखी खेती हुँदै आएको छ । यसमध्ये कालीगण्डकी र हरिनासमा कम खेती हुने गरेको छ । भीरकोट नगरपालिका-४ गैराथोकका रामचन्द्र रेग्मीले एकवर्ष अघि छायाछेत्र एग्रो एण्ड फार्म हाउस प्रालि दर्ता गरेर कुरिलो खेती सुरु गरेका थिए । उनको खेती अहिले फस्टाउँदै गएको छ । नौ रोपनी क्षेत्रफलमा फैलिएको फार्ममा कुरिलोसँगै स्टावेरी, मेवालगायत



फलफूल पनि लगाउँदै आएका छन् । रेग्मीले दैनिक १० किलोभन्दा बढी कुरिलो बिक्री गर्ने गरेको बताए । 'सिजन अनुसार कुरिलोको मूल्यप्रति किलो तीन सयदेखि तीन हजारसम्म पर्ने गर्दछ', उनले भने, 'अहिलेसम्म साँढे तीन लाखको कुरिलो बिक्री गरिसकेको छु, अर्को वर्ष सात रोपनीमा खेती विस्तार गर्ने योजना बनाएको छु ।' रेग्मीले जमिन भाडामा लिएर घेराबार, बिरुवा, बीउ, मल, उपकरणलगायतमा ८० लाख बराबर खर्च गरिसकेको जानकारी दिए । 'चितवनमा साथीले कुरिलो खेतीबाट मनग्ये आम्दानी गरेको देखेपछि यहाँ व्यावसायिक खेती सुरु गरेको छु', उनले भने, 'उत्पादन राम्रो भइरहेको छ, बजार पनि फराकिलो बन्दै गएकाले अर्को वर्ष दैनिक ४० किलो उत्पादन गर्ने लक्ष्यका साथ काम गरिहेको छु ।' हाल रेग्मीको फार्ममा सात जनाले दैनिक रोजगारी पाएका छन् । कुरिलोले मात्र काम नपुग्ने भएपछि स्टावेरी, मेवा, उखु, सुन कागती, खरबुजा, स्याउ, बयर, सुकमेल लगायत फलफूल परीक्षणका लागि लगाएको रेग्मीको भनाइ थियो ।

'उत्पादनको क्षेत्रमा काम गरेर राज्यलाई योगदान दिनुपर्छ भनेर कृषि कर्ममा लागेको हुँ', उनले थपे, 'कृषिको विकास र समृद्धिको लागि यन्त्रिकरणमा जोड दिनुपर्छ, कृषियन्त्र चलाउन सक्ने जनशक्तिको अभाव छ ।' दश जनाले गर्ने काम एकै जनाले गर्न सक्ने प्रविधि भित्रिए मात्र नेपालमा कृषि क्रान्ति सम्भव हुने रेग्मीले जिकिर गरे । पुतलीबजार नगरपालिका-१४ की सारदादेवी ढकालले पनि चार वर्षदेखि कुरिलोको व्यावसायिक खेतीगर्दै आएकी छन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## एसईई उत्तीर्ण पछिको दायित्व

यस वर्षको एसईईको नतिजा सार्वजनिक भएको छ । यतिबेला के विषय पढ्ने ? कहाँ पढ्ने ? भनेर उत्तीर्ण विद्यार्थी र तिनका आभिभावकरु सोच्दै छन् । कुन विषय पढ्दा राम्रो हुन्छ वा जागीर राम्रो पाइन्छ भन्ने कुरामा धेरै विद्यार्थीहरु अन्यौलमै छन् । यसो हुनु स्वभाविक हो । किन भने हाम्रो जस्तो देशमा पढेपछि रोजगारीको ग्यारेन्टी छैन । जसका कारण विद्यार्थीहरु विषय छनौटमा अन्यौल हुनु परेको हो । कसले कति नम्बर ल्यायो उसले त्यही अनुसारको विषय पढ्नुपर्छ भनेर नेपाली समाजले एउटा मानक निर्माण गरिदिएको छ । अब्बल नम्बर ल्याउने विद्यार्थीले विज्ञान, त्यसपछि व्यवस्थापन, त्यसपछि मानवशास्त्र, कानुन वा अन्य केही । नम्बरका आधारमा के पढ्ने भनेर विषय रोज्ने यो ज्यादै गलत, परम्परागत र अवैज्ञानिक शैली हो । यसबाट धेरै विद्यार्थीहरूको क्षमता पहिचान र अभिवृद्धिमा ठूलो चुनौती खडा गरेको छ । विद्यार्थीको रुचिलाई मारेको छ । विद्यार्थीहरुको चाहाना अनुसार विषय छनौट गरिनुपर्छ । विषय जुनसुकै भएपनि त्यही अनुसारको रोजगारको ग्यारेन्टी हुनुपर्छ । जसले गर्दा विद्यार्थीहरुमा के पढ्ने भन्ने विषयमा अन्यौल नै हुँदैन ।

अहिलेसम्म हाम्रो शिक्षाको मापन पास र फेलमा गएर टुंगिएको छ । यसबाहेक शिक्षाको राष्ट्रिय नीति के हो ? त्यसलाई प्राप्त गर्ने माध्यम के हो स्पष्ट छैन । शैक्षिक सत्रको रटान मात्र दिइन्छ । एक शैक्षिक सत्रमा कति जना कुन स्तरको जनशक्ति उत्पादन गर्ने हो ? कुनै योजना छैन । एसईईको नतिजा पश्चात् धेरैजसो नामी विद्यालयले ११ कक्षाको भर्ना सुरु गरिसकेका छन् । पुरानो निर्देशिका अनुसार नतिजा आएकाले धेरै विद्यार्थीले कक्षा ११ मा भर्ना पाउने भएका छन् । तर, भर्ना नै ठूलो कुरा होकि त्यस उप्रान्तको पठन–पाठन पनि पूरा गर्नुपर्ने हो यसको ख्याल गरिएको छैन । एकातिर उपल्लो कक्षामा र खासगरी कलेजतर्फ गएर उत्तीर्ण हुन नसक्नु र अर्कोतिर उत्तीर्ण जनशक्ति पनि काम र मामको खोजीमा अरबतिरै जानुपर्ने अवस्था रहेसम्म हाम्रो शिक्षाले कसैका घरमा चुलो बाल्न नसक्ने देखिन्छ । यस्तो शिक्षा कहिलेसम्म चलाउने ? यसको पूर्वानुमान न सरकारसँग छ न शैक्षिक सत्र बचाउन आत्तुर ती जमातसँग छ । यस वर्षको एसईई नतिजा पहिलेभन्दा राम्रो भएको भनिएपनि अब यत्तिले मात्र हुँदैन । एसईई पढेपछि विद्यार्थीहरुले व्यवहारिक ज्ञान सहित सीपयुक्त शिक्षा लिई स्वरोजगार बन्न सक्नुपर्छ । त्यसका लागि सरकारको गहन जिम्मेवारी रहन्छ । सरकार यो जिम्मेवारीबाट पन्छिन कदापि मिल्दैन । एसईईमा उत्तीर्ण विद्यार्थीहरूको त्यस माथिको शिक्षाका लागि व्यवस्था मिलाउनु र तिनका लागि रोजगारी सिर्जना गर्नु सरकारकै जिम्मेवारी हो । यसर्थ यसतर्फ सरकार गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

तितो तर सत्य, सबै चिज पूरा गर्नको लागि धन धेरै महत्त्वपूर्ण छ ।
चाहे त्यो मित्रता होस्, प्रेम होस् या सम्बन्ध ।
*(दिपु मगरको फेसबुक स्टाटस https://www.facebook.com/dbthapa.magar.14)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मौद्रिक नीति अर्थतन्त्र सक्रिय बनाउने गरी आउन जरुरी छ



भेषराज पोखरेल

> अर्थमन्त्रीले पनि विगतमा भएको केही वस्तुहरुको आयातमा प्रतिबन्ध र कसिलो मौद्रिक नीतिका कारण अर्थतन्त्र मन्दीको दिशामा जान थालेको बताएकाले अहिलेको मौद्रिक नीति केही लचिलो आउने सम्भावना बढी देखिएको छ । हुन त राष्ट्र बैंकका गभर्नरले भने अहिल्यै मौद्रिक नीति खुकुलो बनाउन नहुने पक्षमा छन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि लचिलो मौद्रिक नीति अवलम्बन गर्न नहुने सुझाव दिएको छ । बजेटमा भएका अमिल्दा करका नीति तय गरिएको अवस्थामा मौद्रिक नीति लचिलो भए पनि अर्थतन्त्रलाई निश्चित बाटोमा हिँडाउन भने कठिन छ । सरकारले एकातिर अर्थतन्त्र अझ खुला गर्न चाहन्छ अर्कातिर अव्यवहारिक कर थोपरेर निर्यात भइरहेका वस्तु, नेपालमा उत्पादन गर्न प्रोत्साहन गरिनुपर्ने वस्तु तथा तरकारीजन्य वस्तु व्यापारमा कर लगाएर हतोत्साहित हुने अवस्थामा पुर्याएको छ । विद्युतीय गाडीलाई नेपालमा भित्राएर पेट्रोलियम पदार्थको खपत घटाइने भन्यो । धनीले चढ्ने साना चार पाङ्ग्रे गाडीको भन्सार छुट दियो । तर सार्वजनिक यातायातका रुपमा चल्ने ठूला गाडीको भन्सार दर बढाएको छ । तरकारीको वार्षिक ५० लाखभन्दा माथिको व्यापारमा १३ प्रतिशत भ्याट लगाएको छ । त्यस्तै नेपालबाट निर्यात हुने र पछिल्लो समय प्रगति भइरहेको गलैंचामा दिइरहेको कर छुटलाई हटाएको छ । ऊनी धागो, कडाइ, रंगाइ आदिमा दिएको भ्याट छुटलाई आउँदो आर्थिक वर्षमा हटाउने भएको छ । गलैंचा निर्यात गर्दा भएको लाभमा ५० प्रतिशत कर छुट दिँदै आएकोमा त्यसलाई अब हटाउने बजेटमा उल्लेख गरेको छ ।

देशको अर्थतन्त्र कमजोर भइरहेका बेला बजेटका माध्यमबाट सक्रिय बनाउने आशा गरियो । बजेट आउँदा अनेकौं कमीकमजोरीहरु देखिए । ठूल्ठूला कमजोरी त भए नै अर्थमन्त्रीले बजेटमार्फत् अर्थतन्त्र खुला गरेर सक्रिय बनाउने नीति लिएको देखिएको छ । अहिले आन्तरिक उत्पादन कमजोर भएकाले अर्थतन्त्र बढी खुला गर्दा भन्सार राजस्व बढ्ने हुँदा राजस्वको लक्ष्य भेट्टाउन सकिन्छ भन्ने लागेको हुन सक्छ । हुन त नेपालको निर्यात अति न्यून छ, आयातमा केही तल-माथि हुने बित्तिकै राजस्वमा ठूलो प्रभाव पर्छ । यस्तो अवस्था भए पनि अर्थतन्त्र अति खुला गर्न खोज्दा अनियन्त्रित भएर अरु समस्या आउन सक्ने पनि हुन सक्छ । अर्थमन्त्रीले त्यो अवस्थालाई ख्याल गर्नुभन्दा तत्कालको समस्या समाधान भएपछि आउने समस्या देखाजाला भन्ने मानसिकता बनाएको पनि हुन सक्छ । जे होस्, उद्योगी व्यवसायीहरुले अर्थतन्त्र खुला गर्नुपर्छ, ब्याजदर कम हुनुपर्छ जसले गर्दा अर्थतन्त्र सक्रिय हुन्छ भनेका छन् । अर्थमन्त्रीले पनि विगतमा भएको केही वस्तुहरुको आयातमा प्रतिबन्ध र कसिलो मौद्रिक नीतिका कारण अर्थतन्त्र मन्दीको दिशामा जान थालेको बताएकाले अहिलेको मौद्रिक नीति केही लचिलो आउने सम्भावना बढी देखिएको छ । हुन त राष्ट्र बैंकका गभर्नरले भने अहिल्यै मौद्रिक नीति खुकुलो बनाउन नहुने पक्षमा छन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि लचिलो मौद्रिक नीति अवलम्बन गर्न नहुने सुझाव दिएको छ । बजेटमा भएका अमिल्दा करका नीति तय गरिएको अवस्थामा मौद्रिक नीति लचिलो भए पनि अर्थतन्त्रलाई निश्चित बाटोमा हिँडाउन भने कठिन छ ।

सरकारले एकातिर अर्थतन्त्र अझ खुला गर्न चाहन्छ अर्कातिर अव्यवहारिक कर थोपरेर निर्यात भइरहेका वस्तु, नेपालमा उत्पादन गर्न प्रोत्साहन गरिनुपर्ने वस्तु तथा तरकारीजन्य वस्तु व्यापारमा कर लगाएर हतोत्साहित हुने अवस्थामा पुर्याएको छ । विद्युतीय गाडीलाई नेपालमा भित्राएर पेट्रोलियम पदार्थको खपत घटाइने भन्यो । धनीले चढ्ने साना चार पांग्रे गाडीको भन्सार छुट दियो । तर सार्वजनिक यातायातका रुपमा चल्ने ठूला गाडीको भन्सार दर बढाएको छ । तरकारीको वार्षिक ५० लाखभन्दा माथिको व्यापारमा १३ प्रतिशत भ्याट लगाएको छ । त्यस्तै नेपालबाट निर्यात हुने र पछिल्लो समय प्रगति भइरहेको गलैंचामा दिइरहेको कर छुटलाई हटाएको छ । ऊनी धागो, कडाइ, रंगाइ आदिमा दिएको भ्याट छुटलाई आउँदो आर्थिक वर्षमा हटाउने भएको छ । गलैंचा निर्यात गर्दा भएको लाभमा ५० प्रतिशत कर छुट दिँदै आएकोमा त्यसलाई अब हटाउने बजेटमा उल्लेख गरेको छ । त्यस्तै पाम आयल, सोयाबिन आयलका अर्धप्रशोधित वा कच्चापदार्थमा दिँदै आएको छुट पनि हटाएको छ । अहिले गलैंचा, पाम आयल, सूर्यमुखी तेल, सोयाबिन तेल जस्ता वस्तु प्रमुख निर्यातका वस्तुमा पर्छन् । हुन त अर्थमन्त्री डा. प्रकाशशरण महतले भन्सार राजस्व बढाउन निर्यातलाई भन्दा आयातलाई बढी जोड दिएका हुन सक्छन् । उद्योगी, व्यापारीहरुका नेतृत्वदायी संस्थाहरुले खुकुलो मौद्रिक नीति ल्याउन राष्ट्र बैंकका गभर्नरलाई सुभाव दिएका छन् । उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ तथा चेम्बर अफ कमर्सले खुकुलो मौद्रिक नीति ल्याउन गभर्नर महाप्रसाद अधिकारीलाई सुझाव दिएका छन् । उद्योग तथा व्यापारीका नेतृत्वदायी संस्थाले सुझाव दिए पनि राष्ट्र बैंक भने खुकुलो मौद्रिक नीतिको पक्षमा छैन । अन्तर्राष्ट्रिय मुद्रा कोषलगायत दातृ निकायहरुले मौद्रिक नीति खुकुलो गर्न नहुने सुझाव दिइरहेकाले पनि राष्ट्र बैंक खुकुलो मौद्रिक नीतिको पक्षमा छैन । अर्थमन्त्री कसिलो मौद्रिक नीति र सामग्री आयातमा प्रतिबन्धका कारण नै अर्थतन्त्र शिथिल हुँदै गएको बताएका छन् । उनी मौद्रिक नीति खुकुलो गरेरै अर्थतन्त्र सक्रिय पार्न सकिन्छ भन्ने पक्षमा छन् । निजी क्षेत्र अर्थतन्त्रका बाह्य पक्ष बलियो रहे पनि आन्तरिक अर्थतन्त्र शिथिल रहेको, निजी क्षेत्रको मनोबल खस्किएको, समग्र माग घटेको र लगानी निरुत्साहित भएकाले लचिलो मौद्रिक नीति आवश्यक रहेको बताएका छन् । उनीहरुले बजेटको लक्ष्य प्राप्त गर्न पनि मौद्रिक नीति लचिलो हुनुपर्ने बताएका छन् । बजेटले राखेको ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न १८ प्रतिशत कर्जा प्रवाह हुनुपर्छ । त्यो लक्ष्य प्राप्त गर्न पनि मौद्रिक नीति लगानीको वातावरण बनाउने गरी आउनुपर्ने उनीहरुको सुभाव छ । राष्ट्र बैंकले राखेको लगानी लक्ष्य प्राप्त गर्न पनि मौद्रिक नीति ल्याउँदा ख्याल गर्नुपर्ने सुझाएका छन् । राष्ट्र बैंकका गभर्नरले भने समग्र अर्थतन्त्रको स्थायित्वभन्दा बाहिर नजाने बताएका छन् । अर्थमन्त्री लचिलो मौद्रिक नीतिको पक्षमा रहने, निजी क्षेत्र पनि लचिलोकै पक्षमा रहेकाले राष्ट्र बैंकले अहिले पनि कसिलो मौद्रिक नीति नै ल्याउन त सक्दैन तर अवस्था हेरी कतिपय क्षेत्रमा लचिलो तथा कतिपयमा कसिलो ल्याउनु पर्ने अवस्था देखिन्छ ।

राष्ट्र बैंकले भनेजस्तो बैंकहरुको ब्याजदर कम हुन सकेको छैन । त्यसलाई कम गर्न स्प्रेड दरमा तल-माथि गर्ने तथा अन्य उपाय अपनाएर भए पनि बैंकहरुको ऋणको ब्याज कम हुने गरी मौद्रिक नीति ल्याउनु आवश्यक हुन्छ । घरजग्गा कर्जालाई संयमित रुपमा खुकुलो बनाउन सकिन्छ । अहिले बैंकहरुको ऋण लगानी घटेर गएको छ । राष्ट्र बैंकले तरलता खिच्न रिभर्स रिपोमार्फत २० अर्बको आवेदन माग गरेकोमा बैंकहरुले ३० अर्बको निवेदन दिएका छन् । पछिल्लो समय ब्याजदर बढ्नाले बचतकर्ताले अन्य खाताको रकम मुद्धति खातामा राखेकाले पनि ऋणको ब्याजदर कम हुन नसक्ने बैंकरहरुले बताएका छन् । यी सबै अवस्थालाई ख्याल गरेर मौद्रिक नीति ल्याउनु आवश्यक छ । ब्याज दर यही अवस्थामा रहिरहे उद्योग व्यापारमा प्रगति आउन कठिन छ भने लगानी पनि प्रोत्साहित हुन सक्दैन । अर्थतन्त्र बलियो बनाउन मौद्रिक नीति मात्रै होइन वित्तीय नीतिको पनि महत्वपूर्ण भूमिका हुन्छ । केही वर्षयताका अर्थमन्त्रीहरुले वित्तीय नीतिलाई अर्थतन्त्र उकास्ने होइन बरु विकृत पार्ने गरी ल्याउने गरेका छन् । अहिले पनि त्यस्तै देखिएको छ । अर्को, कार्यान्वयनको पक्ष पनि कमजोर छ । आर्थिक वर्षको १० महिनासम्म विकास बजेट खर्च ४० प्रतिशत नकट्नु सरकारको वित्तीय नीतिको कार्यान्वयनको पक्ष कमजोर हुनु हो । योजना छनोटमा पनि समग्र अर्थतन्त्रको विकासलाई ध्यान दिइएको देखिन्न । सरकारले यी पक्षमा ध्यान दिनु अति जरुरी छ । वित्तीय नीति कमजोर भएको अवस्थामा मौद्रिक नीति खुकुलो गर्दैमा अर्थतन्त्र प्रगति उन्मुख हुन कठिन छ । सरकारले यतातिर ध्यान दिनु जरुरी छ ।

*-हाम्रा कुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रमा प्रभुत्व जमाउन पनि सकिनेछ । | **तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । प्रेमीको सहयोग पाइनेछ । |
| **बृष** : मनोरञ्जनले अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **बृश्चिक** : प्रिय व्यक्तिसँग भेटघाट होला। मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। मित्रबाट विशेष सहयोग मिल्नसक्छ । | **धनु** :बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : प्रतिष्ठा कमाउने वेला छ । व्यापार व्यवसायमा फाइदा होला । | **मकर** : शैक्षिक पक्ष कमजोर हुनेछ, तर परिवारमा मेलमिलाप भने राम्रै हुनेछ । |
| **सिंह** : शुभअशुभ समाचार सुनिएला । मित्रसँग मीठो भेटघाट पनि रहला । | **कुम्भ** : प्रतिष्ठा कमाउने बेला छ । सामाजिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **कन्या** : प्रेममा मनमुटावका साथै मन कमजोर रहला । मन प्रसन्न रहने छ । | **मीन** : आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । |

मनोरञ्जन

# पल शाह भन्छन्- बारम्बार प्रहार हुँदा जीवन जिउने अभिलाषा सकिँदो रहेछ...

अभिनेता पल शाहले अदालतले 'सफाइ' दिइसकेको विषयलाई जोडेर आफूमाथि बारम्बार प्रहार भएको गुनासो गरेका छन् । सामाजिक सञ्जाल मार्फत उनले अदालतबाट सफाइ पाइसकेपछि पनि निधारमा 'म बलात्कारी हुँ' लेखेर हिँडौं कि दुःख पीडालाई मुस्कान हाँसोले जितेर मेरो नर्मल जीवनयापन गरौं भन्दै प्रश्न समेत गरेका छन् । उनले भनेका छन्, 'एक वर्ष कारागार बसाईमा मैले पाएका दुखलाई आँसुले छिपिक्क भिजाएको छु । पीडाको पहाड छ । तर ती सबै भुलेर मैले कसैको अपमान नगरी, कसैको नाम समेत उच्चारण नगरी दुखलाई खुसी मुद्रामा साट्दा तपाईंहरुमा परेको असर प्रति क्षमा चाहन्छु । कानुनले 'तँ' सही छस् भनेर 'सफाइ' दिएको विषय जोडेर बारम्बार प्रहार हुँदा जीवन जिउने अभिलाषा सकिँदो रहेछ.... ।' शाहले हालै दिएको एक अन्तरवार्ता आलोचित भएपछि शाहले सामाजिक सञ्जालमा लामो स्ट्याटस लेख्दै आफ्नो धारणा राखेका हुन् । जीवनको एक वर्ष जेलमा बस्दा देखेका सिकेका कुराहरूलाई आफूले रोएर मात्र बोल्नु पर्ने हो भन्दै उनले आलोचना गर्नेहरूलाई प्रश्न समेत गरेका छन् । शाहको धारणा जस्ताको त्यस्तै-

''मानवीय जीवन हो उतार चढाव हुन्छ । म नि मानव हो । म भित्र पनी मानवीय संवेदना छ । म रुन्छु हाँस्छु । तपाईहरु जस्तै....म माथि आरोप लाग्यो, मैले कानुनलाई सघाउन सम्बन्धित निकायमा पुगे र १ वर्ष कारागारमा रहे । सम्मानित अदालतबाट उक्त आरोपबाट "सफाई" पाएर म तपाईहरु जस्तै सामान्य जीवन यापन र कर्म गर्दै आइरहेको छु । मलाई थाहा छ, बुझेको पनी छु म एक सार्वजनिक व्यक्ति हुँ । मैले गर्ने हरेक गतिविधि समाजसँग जोडिएको हुन्छ । म साना साना कुरामा संवेदनशील हुनु पर्दछ र मेरो सेन्स अफ ह्युमरले सक्ने जति म संवेदनशील बन्ने कोसिसमा छु । पछिल्लो समय कान्तिपुर टिभी बाट प्रसारित "What The Flop Show" मा मैले अन्तरवार्ता दिएको थिए । उक्त अन्तर्वार्ता प्रसारण भई सकेपछि सामाजिक सञ्जालमा हाम्रो शैलीको चर्को विरोध भई रहेको छ । प्रसारित कार्यक्रममा "हासि हासि बोल्यो बलात्कारी, जेलका कुरालाई मजाकमा उडायो'' जस्ता आरोप लागेका छन् ।



म एक्लै यो धर्तीमा कहिबाट उत्पत्ति भएको हैन । मेरो पनी एउटा परिवार छ । परिवार भित्र आमा, बाबा, बहिनी, इष्टमित्रहरू पनि छन् । उनीहरूमा के बित्छ होला जहिल्यै बलात्कारीको ट्याग दिँदा ? कहिल्यै सोच्नु भएको छ परिवारमा पर्ने आघातको बारेमा ? उनीहरूलाई मानसिक, व्यक्तिगत, सामाजिक जीवनमा कस्तो असर पर्ला कस्तो दाग रहला ? कहिल्यै त्यो ठाउँमा आफ्नो परिवार राखेर सोच्नु भएको छ ? म स्पष्ट पार्न चाहन्छु । मेरो तर्फबाट मृत या जीवित, आरोपित होस या अपराधी सबैप्रति मेरो सम्मान छ । म मेरो देशको कानुनलाई शिरोपर गरी कानुनलाई सघाएको मानिसले कानुन उल्लङ्घन या कसैको अवहेलना गर्नेबारे सोच्न सम्म सक्दिन । मेरो जीवनको एक वर्ष म युनिभर्सिटीमा थिए । त्यो युनिभर्सिटीमै देखेका सिकेका कुराहरू मैले रोएर मात्र बोल्नु पर्ने हो र ? मैले कसैको नाम नलिईकन त्यहाँ भित्र मैले भोगेका देखेका कुरा हाँसेरै सरकार सामु अपिल गर्दा पनि मैले गाली खानु पर्ने हो ? म मेरा दुखका अनुभव हाँसिर कसैसँग शेयर गर्नै नपाउने हो ? मैले कसलाई मजाकको पात्र बनाएको छु ? म रुँदै अन्तर्वार्ता दिनु पर्ने हो ? म मेरो दुखमा सधैं रुनु पर्ने हो या मैले मेरा दुखका अनुभव हाँसी हासी साट्न र जित्न पनी पाउँछु ? धेरै कुरा अनुत्तरित छन् र मैले बुझ्न सकेको छैन मेरो जीवनमा मैले गर्नु पर्ने के हो नगर्नु पर्ने के हो ? समाजका तपाईहरु जान्ने बुझ्नेले मलाइ उत्तर दिनु होला । अदालतबाट "सफाई" पाइसकेपछि पनि मैले निधारमा "म बलात्कारी हुँ" लेखेर हिडौ कि दुख पिडालाई मुस्कान हाँसोले जितेर मेरो नर्मल जीवन यापन गरौँ ? मलाई पल शाह बनाएको तपा'ईहरुले हो यस कारण म प्रश्न पनी तपा'ईहरु समक्ष नै गर्न चाहन्छु म के गरौँ ? कसरी बा'चौ ? कसरी हिडौ ? कसरी बोलौँ ? कसरी खाऊ ? कसरी लाऊ ? कि मैले निधारमा म बलात्कारी हुँ लेखेर देश छोडौँ ? कि मैले खुल्लमखुल्ला रत्नपार्कमा गएर आत्मदाह गरौँ ? एक वर्षे कारागार बसाईमा मैले पाएका दुखलाई आशुले छिपिक्क भिजाएको छु । पिडाको पहाड छ । तर ती सबै भुलेर मैले कसैको अपमान नगरी, कसैको नाम समेत उच्चारण नगरी दुखलाई खुसी मुद्रामा साट्दा तपा'ईहरुमा परेको असर प्रति क्षमा चाहन्छु । कानुनले "तँ" सही छस् भनेर "सफाई" दिएको विषय जोडेर बारम्बार प्रहार हुँदा जीवन जिउने अभिलाषा सकिँदो रहेछ... सबैमा माया सम्मान र धन्यवाद !''

*-लोकान्तर डटकम*

# शुक्रबार नेपालमा चार फिल्म रिलिज हुँदै

आगामी शुक्रबार हलमा चार फिल्म रिलिज हुँदैछन् । नेपाली फिल्म 'बगान' र हलिउड फिल्म 'मिसन इम्पोसिबल ७' त भइहाले । रिलिजको सूचीमा दुई अन्य फिल्म पनि थपिएका छन् । जसमा अंग्रेजी फिल्म 'रेसिडेन्ट एभिल : डेथ आइल्याण्ड' र यसअघि रिलिज भइसकेको दयाहाङ राई स्टारर 'बिहेपास' । एकैसाथ चार फिल्म रिलिज हुँदा दर्शक बाँडिन्छन् । के यी फिल्मले सुख्खा देखिएको बक्स अफिसलाई चलायमान बनाउन योगदान गर्लान् भन्ने चासो सबैतिर छ । यस्तोमा गत वैशाख १ गते प्रदर्शनमा आएको दयाहाङ र प्रकृति श्रेष्ठको 'बिहेपास'लाई प्रदर्शन गर्ने निर्णय मल्टिप्लेक्सले गरेका छन् ।



क्यूएफएक्स सहितका मल्टिप्लेक्सले बिहेपासलाई प्रदर्शन तयारीमा रहेको भन्दै वेबसाइटमा मंगलबार प्रकाशित गरेका छन् । वितरक रोहित कट्टेलले यतिबेला हलमा नयाँ नेपाली फिल्म पनि नभएकाले हल सञ्चालककै आग्रहमा फिल्मलाई पुनः प्रदर्शन गर्न लागिएको जनाए । यसअघि वैशाख १ मा दयाहाङकै अर्को फिल्म 'जारी'सँग जुध्दा यसले राम्रो कमाइ गर्न सकेको थिएन । गत साता चितवन पर्सास्थित एक हलमा फिल्म देखाउँदा दुई सातासम्म दर्शकको उपस्थिति राम्रो देखिएकाले पुनः प्रदर्शन गर्न लागिएको वितरकले जनाएका छन् । अघिल्लो रिलिजमा हेर्न छुटेका दर्शकलाई लक्षित गरी पुनः प्रदर्शन गर्न लागिएको उल्लेख छ । शुक्रबार टम क्रुज स्टारर मिसन इम्पोसिबल ७ ले राम्रो ओपनिङ गर्न सक्ने प्रक्षेपण गरिएको छ भने अर्को नेपाली फिल्म 'बगान' पनि सामाजिक कथावस्तु रुचाउने दर्शकमाझ चर्चित छ । एनिमेटेड र हरर फिल्म रुचाउने दर्शकमाझ 'रेसिडेन्ट एभिल : डेथ आइल्याण्ड' रुचिकर हुन सक्छ ।

*-अनलाइन खबर डटकम*

# दर्शकले पत्याएनन् नयाँ निर्देशक




बनेका सबै सिनेमा चल्दैनन्, यो युनिभर्सल ट्रुथ हो । अर्थात्, वर्षभरि बनेका सिनेमामध्ये सबैले राम्रो व्यापार गर्दैनन् । सीमित चलचित्रले मात्र लगानी उठाएर राम्रो व्यापार गर्छन् । नेपाल पनि अपवादमा पर्दैन । यहाँ पनि बर्सेनि दर्जनौं सिनेमा बन्छन् । त्यसमा केही सीमित मात्र बक्सअफिसमा सफल हुन्छन् । अधिकांश सिनेमाले लगानी डुबाउँछन् । गत वर्षको वैशाख १ देखि चैत २४ गतेसम्म ४९ वटा नेपाली चलचित्र रिलिज भएका थिए । त्यसमध्ये 'के घर के डेरा', 'दुई नम्बरी', 'भिँगे दाउ', 'कबड्डी-४', 'महापुरुष', 'छक्का पञ्जा-४', 'ए मेरो हजुर-४' र 'प्रेम गीत-३' सफल हुँदा बाँकी चलचित्रले लगानी उठाउन सकेनन् । क्विन मेरी युनिभर्सिटीको रिसर्च तथ्यांकानुसार हलिउडमा सिनेमाको सक्सेस रेट २० प्रतिशत छ । बलिउडको सक्सेस रेट ९ प्रतिशत छ । नेपालमा वार्षिक सिनेमाको सक्सेस रेट कति छ भन्ने यकिन तथ्यांक छैन । तर, सिनेमाका अध्यता यहाँको सक्सेस रेट करिब १२ प्रतिशत वरिपरी रहेको बताउँछन् ।

बलिउड र हलिउडमा सिनेमाको सक्सेस रेट क्रमशः २० र ९ प्रतिशत रहे पनि लगानी रिकभरीका हिसाबले यी दुवै चलचित्र उद्योग नाफामा छन् । बर्सेनि यी सिनेमा उद्योगमा जति लगानी हुन्छ, बक्सअफिसमा सफल चलचित्रको ग्रस कलेक्सन त्योभन्दा धेरै हुन्छ । त्यसैले समग्रमा हलिउड र बलिउडका सिनेमा उद्योग नाफामा छन् । तर, बलिउडभन्दा माथि सक्सेस रेट रहे पनि नेपाली सिनेमा उद्योग घाटामा छ । यहाँ वर्षभरि सिनेमा उद्योगमा हुने लगानीभन्दा धेरै कम रकम बक्सअफिस कलेक्सन हुने गरेको छ । पछिल्ला केही वर्षयता नेपाली चलचित्र उद्योगमा विविधता देखिन थालेको छ । कथामा 'भेराइटी' आउन थालेको छ । सिनेमा भने चलेका छैनन् । गत वर्षको अन्तिमयताकै उदाहरण हेर्दा चैत २४ गते 'बहाव' रिलिज भएको थियो । उक्त चलचित्रमा प्रमोद कँडेलले केही नयाँ प्रयोग गरेका थिए । राजनीतिक स्थिरता नहुँदा विकासले गति लिन नसकेको भन्दै उनले यसकै आधारमा आफ्नो सिनेमाको सट डिजाइन गरेका थिए । यही नै नेपाली सिनेमाको ट्रेडमार्क बन्न सक्छ कि भन्ने उनको उद्देश्य थियो । जसरी नेपालमा पटक-पटक पोलिटिकल क्र्यास भएको छ, त्यसैलाई बिम्ब बनाए । उनले विस्तारै सट उठाएर एउटा टाइममा पुगेपछि त्यो सट क्र्यास गरेका थिए ।

नेपालमा धेरै राजनीतिक दल छन् । केही दल प्रजातान्त्रिक विचारधाराका छन् भने केही कम्युनिस्ट विचारधाराका । जति बेला दुवै विचारधारा भएका दल एक ठाउँमा उभिएका छन्, त्यति बेला राजनीति सही ट्र्याकमा गएको छ । जब उनीहरू एक ठाउँमा बस्दैनन्, राजनीति क्र्यास भएको छ । त्यसैले उनले सोहीअनुसारको सट डिजाइन गरे । उनको चलचित्रको मुख्य क्यारेक्टर सन्ध्या लेफ्ट विचारधारासँग नजिक हुन्छिन् । त्यसैले उनी सिनेमाभर लेफ्ट साइडमा देखिन्छिन् । सन्ध्याका बुवा बनारसमा पढेर आएका छन् । संस्कार, संस्कृतिमा विश्वास गर्छन् । त्यसैले उनलाई सिनेमाभर राइट साइडमा राखेका छन् । सन्ध्या सिनेमाभर सेन्टरसम्म आउँछिन्, सेन्टर क्रस गरेर राइट जान्नन् । सन्ध्याका बुवा बोर्डरसम्म आइपुग्छन्, क्रस गरेर कहिले पनि लेफ्टमा पुग्दैनन् । तर, यो सिनेमा चलेन । चलचित्र 'बुलाकी' वैशाख १ गते रिलिज भयो । लक्ष्मण सुनारले निर्देशन गरेको सिनेमा कर्णालीमा खिचिएको थियो । समाजमा रहेको जारी प्रथालाई यसले आफ्नो कथा बनाएको थियो । अघिल्लो हप्ता मात्र चलचित्र 'परस्त्री' रिलिज भयो । सुरज पाण्डेले निर्देशन गरेको सिनेमाले राम्रै समीक्षा पनि बटुल्यो । तर पनि यो सिनेमा चलेन । अर्थात्, हलमा दर्शकको उत्साहजनक उपस्थिति देखिएन । यहीबीचमा असार ८ गते 'अन्तिम संस्कार' रिलिज भयो । प्रदीप शाहीले निर्देशन गरेको यो चलचित्रलाई पनि दर्शकले साथ दिएनन् । वैशाख २९ गते 'हल्करा' रिलिज भयो । विक्रम सापकोटाले निर्देशन गरेको यो सिनेमाले समेत दर्शक पाएन । यसले पनि राम्रै समीक्षा बटुलेको थियो । जेठ २६ गते 'नीरफूल' रिलिज भयो । फूलमान बलले निर्देशन गरेको यो चलचित्र हेर्न खासै दर्शक गएनन् ।

यी सबै चलचित्र निर्देशकका डेब्यु सिनेमा हुन् । 'परस्त्री'का पाण्डेबाहेक अरू निर्देशकले आफ्नो सिनेमाको कथा पनि आफैं लेखेका हुन् । कथा र प्रस्तुतिमा यी निर्देशकले विविधता दिने प्रयास गरेका थिए । तर, दर्शकको साथ पाएनन् । पहिलो निर्देशकका चलचित्र हेर्न दर्शक हिचकिचाउने गरेको यी सिनेमालाई हेर्दा केही हदसम्म अनुमान लगाउन सकिन्छ । ब्रान्ड बनिसकेका सिनेमामा दर्शक केही हदसम्म भए पनि जाने तर नयाँ मेकरलाई हम्मेसी विश्वास नगरेको पाइन्छ । त्यसैले हलिउड होस् वा बलिउड धेरै मेकरले कम्पनी मोडलमा सिनेमा बनाइरहेका छन् । जसले ब्रान्ड बनाइसकेको छ, उसैको सिनेमा चल्ने गरेका छन् । ब्रान्ड बनिसकेका सिनेमा ठिकठाक भए पनि चल्ने तर नयाँ मेकरका राम्रै भए पनि नचल्ने पछिल्ला केही उदाहरणले नै पुष्टि गर्छ । मेकरप्रति दर्शकको विश्वास कुन लेवलमा छ, त्यसले पनि सिनेमाको व्यापार निर्धारण गर्न थालेको छ ।

"जुन निर्देशकलाई दर्शकले भरोसा गरेको छ, त्यसैको सिनेमा चल्छ," एक अग्रज निर्देशक भन्छन्, "यसको सिनेमा यो लेवलको हुन्छ भनेर दर्शकले मूल्यांकन गरिरहेको हुन्छ । त्यसैले दर्शकले सिनेमाबारे थाहा पाउनेबित्तिकै कसको सिनेमा हो, को-को छन् भनेर बुझेर हेर्ने/नहेर्ने निर्धारण गरेको पाइन्छ ।" चलचित्र 'जारी' वैशाख १ गते रिलिज भएको थियो । उपेन्द्र सुब्बाले निर्देशन गरेका हुन् । उपेन्द्रको पनि यो पहिलो निर्देशन हो । राम्रै समीक्षा पाएको यो सिनेमा बक्सअफिसमा 'सुपरहिट' भयो । यो चलचित्र आफैंमा सबल थियो । तर, सिनेमा चल्नुमा 'ब्रान्ड'को उत्तिकै भूमिका छ । 'कबड्डी' फेम्ड निर्देशक रामबाबु गुरुङ यसका निर्माता हुन् । दयाहाङ राई, मिरुना मगर, विजय बराललगायत 'कबड्डी'को टिम हो । उपेन्द्र सुब्बा स्वयं 'कबड्डी'का लेखक हुन् । बाँसुरी फिल्म्स यो सिनेमा निर्माण गर्ने ब्यानर हो । त्यसैले समग्रमा भन्दा यो एउटा स्थापित ब्रान्डले निर्माण गरेको सिनेमा हो । यो नै सिनेमाको 'ब्याकबोर्न' बन्यो । र, यसले 'जारी'को हाइप बनाउन र दर्शकमा भरोसा दिलाउन निःसन्देह सहयोग गरेको थियो । त्यसैले निर्देशक प्रमोद कँडेल नेपाली सिनेमा उद्योगलाई परिणाममुखी र भरोसायोग्य बनाउन मेकर कम्पनी मोडलमा जानुपर्ने विचार राख्छन् । त्यस्ता सिनेमा कम्पनीमा दर्शकले विश्वास गरिसकेका कोही निर्देशक हुन्छन्, कोही निर्माता हुन्छन्, कोही लेखक हुन्छन् । यीमध्ये कोही न कोहीप्रति विश्वास गर्ने दर्शक सिनेमा हेर्न आउँछन् । धेरैजनाको सहकार्य, मिहिनेत र लगानीमा बनेको सिनेमा राम्रो पनि हुन्छ ।

सक्सेस रेटको दर जतिसुकै होस्, नेपाली सिनेमा उद्योग हरेक वर्ष घाटामा छ । निर्माताको ठूलो रकम डुबिरहेको छ । सिनेमामा 'भेराइटी' देखिँदै छ । यो प्रयास नयाँ मेकरले गरिरहेका छन् । तर, तिनै मेकरका फरक स्वादका सिनेमा दर्शकले हेरिरहेका छैनन् । नयाँ मेकरले नयाँ टेस्ट दिन प्रयास गर्ने तर दर्शकले सिनेमा नहेर्ने भनेको समग्रमा बजार खुम्चिँदै गएको संकेत समेत हो । नयाँ टेस्टका सिनेमाका दर्शक अक्सर नयाँ नै हुन्छन् । त्यसमा पनि विशेषतः युवापुस्ता । अहिलेको पुस्ता वर्ल्ड सिनेमामा अभ्यस्त छ । उनीहरू चुजी भइसकेका छन् । छानीछानी सिनेमा हेर्छन् । नेपाली चलचित्र वर्ल्ड सिनेमाको क्वालिटीका छैनन् । त्यसैले ब्रान्ड बनिनसकेका र पहिलोपटक फरक टेस्ट बोकेर आएका सिनेमा तथा निर्देशक दर्शकको रोजाइमा परेका छैनन् ।

*-बाह्रखरी डटकम*

# नेपाल परिवार नियोजन संघ पाल्पामा नयाँ नेतृत्व

## पदाधिकारी र कर्मचारीलाई सम्मान



**पाल्पा,** असार २७/जिल्लामा रहेर परिवार नियोजन संघको क्षेत्रमा उल्लेखिय रुपमा काम गर्दै आएको नेपाल परिवार नियोजन संघ पाल्पा शाखामा नयाँ नेतृत्व चयन भएको छ । संघको २१ औं साधारण सभा तथा सातौ अधिवेशनले नयाँ नेतृत्व चयन गरेको हो ।

अधिवेशनले सुशिलराज शाक्यको अध्यक्षतामा ११ सदस्यीय नयाँ नेतृत्व चयन गरेको छ । जसको कोषाध्यक्षमा माधवप्रसाद अर्याल रहेका छन् भने महिला सदस्यमा रोजिता श्रेष्ठ, सुमिता श्रेष्ठ, यौनिक कल्पसंख्यकबाट भक्तराज खनाल, विज्ञ सदस्यहरु लक्षिमा ज्ञवाली घिमिरे, कमल बस्याल, सुर्यबहादुर कार्की, युवा सदस्यमा वर्षा पाण्डेय, सृष्टि कंवर, आदित्य पोखरेल निर्विरोध चयन भएका छन् । नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन अधिकृत शिवप्रसाद देवकोटाले सपथ गराए भने निवर्तमान अध्यक्ष सुधिरप्रसाद श्रेष्ठले नवनिर्वाचित अध्यक्ष सुशिलराज शाक्यलाई पदवहाली गराएका छन् ।

**पदाधिकारी र कर्मचारीलाई सम्मान**

परिवार नियोजन संघले साधारण सभा तथा अधिवेशनको अवसरमा पदाधिकारी र कर्मचारीलाई सम्मान समेत गरेको छ । उसले निवर्तमान कार्य समितिका सल्लाहकार चित्रवली राम सुवाल, उपससभापति ज्योति राजभण्डारी, कोषाध्यक्ष कोपिला कार्की, सदस्य शारदा थापा क्षेत्रीलाई संघले सम्मान गरेको थियो । यस्तै संघले शाखा प्रबन्धक सोवाकान्त न्यौपानेलाई उत्कृष्ट कर्मचारीका साथै स्वेच्छिक अवकाश कर्मचारीहरु लेखापाल सोमबहादुर आले, प्रमोटर यामबहादुर कार्की, ल्याब टेक्निसियन महेन्द्र पृथी, कार्यालय सहयोगी गीरबहादुर सिंजालीलाई पनि दीर्घ सेवा सम्मान पत्र सहित सम्मानित गरेको छ ।

साधारणसभाको उद्घाटन शत्रमा संघका निवर्तमान सभापति सुधीरप्रसाद श्रेष्ठले शाखाबाट सन् २०२१ का वार्षिक कार्यक्रमहरु परिवार नियोजन साधन वितरण तथा परामर्श सेवा, सुरक्षित मातृत्व सेवा, सुरक्षित गर्भपतन सेवा, प्रयोगशाला सेवाका कार्य भएको बताए । स्वेच्छिक परामर्श तथा परीक्षण सेवा (नि:शुल्क एचआईभी परीक्षण सेवा) का साथै २४ सै घण्टा एम्बुलेन्स सेवा लाई निरन्तरता प्रदान गरिएको उनले बताए । नेपाल परिवार नियोजन संघले यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नयाँ अवधारणाको विकास तथा विश्व स्वास्थ्य संगठनले अवलम्बन गरेका स्वास्थ्य सेवा र सूचनाको पैरवी गर्ने कार्यलाई सधैं अग्रणी संस्थाको रुपमा कार्य गर्दै आएको श्रेष्ठको भनाई छ । कार्यक्रममा तानसेन नगरपालिका- ६ का वडाध्यक्ष सागर मान महर्जनले संघले सरकारको स्वास्थ्य सेवामा समपूरकको भूमिका निर्वाह गर्दै आइरहेको र दिगो विकास लक्ष्यले अपेक्षा गरेका लक्ष्य हासिल गर्नमा आईपिपिएफको ४ वटा तत्कालिन उपलब्धि हासिल गर्ने लक्ष्य अनुसार काम गरेको पाइएको बताए । संघले सामाजिक समावेशिकरण, विविधता, उत्सुकता, स्वयमसेवी भावना र जवाफदेहीतालाई अंगिकार गरी कार्यक्रमहरु सञ्चालन गरेको उनले बताए । शाखा सल्लाहकार चित्रवली राम सुवाल, नेपाल नेत्र ज्योति संघ पाल्पा शाखाका सभापति बुद्धीप्रसाद शर्मा, नेपाल पत्रकार महासंघ जिल्ला कोषाध्यष मुक्तिप्रसाद न्यौपाने लगायतले परिवार नियोजन संघको सेवामूलक भावनाले प्रेरित गरेको बताए । कार्यक्रममा माधवप्रसाद अर्यालले कोषाध्यक्षको प्रतिवेदन र शाखाको वार्षिक प्रगति प्रतिवेदन सचिव शुशिलराज शाक्यले पेश गरेका थिए ।

# प्रधानमन्त्री दाहाललाई...

...प्रधानमन्त्री दाहालका चार सन्तानमध्ये जेठी छोरी ज्ञानुको क्यान्सर र छोरा प्रकाशको हृदयाघातका कारण निधन भइसकेको छ ।

छोरी रेनु र गंगा राजनीतिमै सक्रिय छन् । दाहालको पार्थीव शरीरलाई श्रद्धाञ्जलीका लागि नेकपा (माओवादी केन्द्र) को कार्यालय पेरिसडाँडामा राखि बुधबार नै पशुपति आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ ।

विभिन्न राजनीतिक दलका नेता, कार्यकर्ता, पेशाकर्मी, व्यवसायी तथा शुभेच्छुक लगायतले दिवंगत दाहालको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गरेका थिए । दाहालको अन्त्येष्टिको समयमा राजकीय सम्मानस्वरुप नेपाली सेनाको दुई सेनामुख, स्कर्टपति सहसेनानीको एक टुकडीद्वारा सलामी दिने व्यवस्था मिलाइएको थियो ।

श्रद्धाञ्जली दिन मन्त्रीदेखि सांसद, विभिन्न राजनीतिक दलका नेताहरु आर्यघाट पुगेका थिए ।

# बजार मूल्य राम्रो भएपछि...

...नगरपालिकाले दिएको कुरिलो खेती सम्बन्धी तालिम लिएपछि व्यवसायिक खेती सुरु गरेको उनले बताइन् । ढकालले सारदा एकीकृत कृषि फार्म दर्ता गरेर साढे तीन सय बोट कुरिलो हुर्काइरहेकी छन् । पहिलो र दोस्रो वर्ष आम्दानी लिन नसके पनि तेस्रो वर्षबाट मनग्ये आम्दानी लिन थालेको उनले बताइन् ।

'खडेरीका कारण यस वर्ष उत्पादन ढिला भयो, हेरचाहा पुराउन सक्दा उत्पादन पनि राम्रो भएको छ', ढकालले भनिन्, 'स्थानीय बजारमा कुरिलोको महत्व नबुझेर अथवा महँगो भएर खासै बिक्री हुँदैन ।' बजारिकणमा समस्या नभए अर्को वर्ष मकै लगाउन छोडेर कुरिलो खेती विस्तार गर्ने योजना रहेको उनको भनाइ थियो । गल्याङ नगरपालिका-७ स्थित मझुवा नमुना कृषि उत्पादन केन्द्रले पनि एक वर्षदेखि कुरिलो खेतीलाई जोड दिँदै आएको छ । केन्द्रले दुई रोपनी क्षेत्रफलमा करिब दुई हजार कुरिलोका बोट लगाएको छ । यस वर्षदेखि उत्पादन लिन सुरु गरिएको केन्द्रका अध्यक्ष ललित थापाले जानकारी दिए । उनले परीक्षणका लागि लगाएको भए पनि उत्पादन राम्रो देखिएकाले खेतीलाई विस्तार गर्दै लैजाने बताए । उनका अनुसार केन्द्रले कुरिलोसहित अन्य मौसम अनुसार विभिन्न तरकारीबाली उत्पादन गर्दै आएको छ । कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले जिल्लामा व्यावसायिक कुरिलो खेती गर्ने कम भए पनि घरमा खानका लागि कुरिलो लगाउने किसान धेरै भएको बताए । उनले तीन वर्षयता कुरिलो खेती गर्ने किसानको संख्या जिल्लामा नै बढ्दै गइरहेको बताए । 'कुरिलो औषधिय गुण भएको तरकारी भएकाले पछिल्लो समय माग बढेको छ', प्रमुख हमालले भने, 'व्यावसायिक रुपमा कुरिलो खेती गर्ने किसानलाई कृषि ज्ञान केन्द्रमार्फत सहयोग गर्दै आएका छौं ।' नयाँ आर्थिक वर्षमा कुरिलो खेतीप्रति कृषिकको आकर्षण बढाउने खालका उत्प्रेरणा मुलक कार्यक्रम गर्ने उनको भनाइ थियो ।

खेलकुद समाचार

# पुलिसलाई हराउँदै टिपटप शीर्ष स्थानमा



**काठमाडौं,** असार २७/सातौं प्रधानमन्त्री कप एनभीए महिला तथा पुरुष भलिबल प्रतियोगिता अन्तर्गत पुरुषतर्फ नेपाल पुलिसलाई हराउँदै टिपटप हेल्प नेपाल स्पोर्ट्स क्लब शीर्ष स्थानमा उक्लिएको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्ड हलमा भएको खेलमा हेल्प नेपालले पुलिसलाई ३-२ को सेटमा हराएको हो ।

यसअघिका ३ खेलमा अपराजित रहेको पुलिसको लयमा ३ पाकिस्तानी खेलाडी समावेश हेल्प नेपालले ब्रेक लगाएको हो । १-१ बराबरी भपछिको तेस्रो सेट निकै प्रतिस्पर्धात्मक बन्दै हेल्प नेपालले जितेको थियो । चौथो सेटमा सिल्ली मिस्टेकका कारण टिपटप १८ मा रोकिएको थियो । पाँचौं सेटमा ११-११ मा रहेको खेलमा पुलिसको ब्लक गर्दा हेल्प नेपालका खेलाडी एमलको पेट र हातमा बलले लाग्दा केही बेर खेल रोकिएको थियो । पाँचौं सेट २२ को सेटमा पुगेर लगातार २ उत्कृष्ट स्पाइक सहित हेल्प नेपालले खेल जितेको हो । हेल्प नेपालले बुधबारको खेलबाट २ अंक बटुलेको छ भने पुलिसले हारमा पनि १ अंक बटुल्यो । यससँगै हेल्प नेपाल ११ अंकसहित शीर्ष स्थानमा उक्लिएको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

कर्पोरेट/अर्थ समाचार

# लक्ष्मी बैंक र सनराइजले एकीकृत कारोबार गर्दै

Laxmi Bank

सनराइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED

**पाल्पा,** असार २७/लक्ष्मी बैंक लिमिटेड र सनराइज बैंक लिमिटेडले एकिकृत कारोबार गर्न थालेका छन् । उनीहरु एकापसमा गाभिएर (मर्जर) यही असार २९ शुक्रबारदेखि 'लक्ष्मी सनराइज बैंक लिमिटेड'का नाममा एकीकृत कारोबार सुरु गर्न लागेका हुन् ।

मर्जरका क्रममा 'डाटा माइक्रेसन'का लागि हिजोदेखि दुवै बैंकका प्रणाली बन्द गरिएका छन् । दुई दिन बैंकका अरू सबै प्रणाली बन्द भए पनि क्रेडिट कार्ड सुविधा भने चालु रहने बैंकले जनाएका छन् । यी दुई संस्था मर्जरका लागि गत जेठ ८ गते अन्तिम सम्झौता भएको थियो । दुवै संस्थाको असार ३ गतेको साधारणसभाबाट पारित मर्जर सम्बन्धी विशेष प्रस्ताव बमोजिम नेपाल राष्ट्र बैंकले यही असार २२ गते मर्जरको अन्तिम स्वीकृति दिएको थियो । मर्जरपछि कायम हुने बैंकको प्रधान कार्यालय काठमाडौं महानगरपालिका-१ हात्तीसारमा रहने जनाइएको छ । राष्ट्र बैंकले लिएको 'बिग मर्जर' को नीति अनुसार चालु आर्थिक वर्ष २०७९/८० मा मात्र १२ वटा वाणिज्य बैंक एकापसमा गाभ्ने/गाभिने (मर्जर) र प्राप्ति (एक्विजिसन) प्रक्रियामा गएर छवटा कायम भएका छन् । गत पुस महिनामा मात्र आठवटा वाणिज्य बैंक मर्जर र प्राप्तिमा गएका थिए । चालु आर्थिक वर्षको मौद्रिक नीतिले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरु मात्र नभई पूर्वाधार बैंकलाई पनि मर्जरका लागि बाटो खोलिदिएको थियो ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

राष्ट्रिय बीमा कम्पनी लिमिटेड
प्रधान कार्यालय, रामशाहपथ, काठमाडौं

**कार्यालयको लागि घर भाडामा लिने बारे सूचना**

*(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०८०/०३/२८ गते)*

यस कम्पनीको पाल्पा स्थित उपशाखा कार्यालयको लागि तपसिल बमोजिम सुविधा भएको घर भाडामा लिन आवश्यक भएको हुँदा यो सूचना स्थानीय पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) औं दिनको ३:०० (तीन बजे) (सो दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) भित्र घर भाडामा दिन इच्छुक घर धनी/संस्था/कम्पनीबाट सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ । रितपूर्वक म्यादभित्र प्राप्त हुनआएका प्रस्तावहरू म्याद समाप्त भएको भोलिपल्ट दिनको २:०० (दुई) बजे (सो दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) प्रस्तावकहरूको रोहवरमा यस कम्पनीको प्रधान कार्यालयमा खोलिने छ । सोसमयमा कुनै प्रस्तावकहरू उपस्थित नभएमा पनि सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

**१. घर आवश्यक क्षेत्र:–** तानसेन नगरपालिका वडा नम्बर ७ देवकोटा चोक स्थित यातायात व्यवस्था सेवा कार्यालयबाट बढीमा १०० मिटर टाढा सम्म ।


**२. भाडामालिन खोजेको घरको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरण:–** (क) कार्यालय रहनेउपयुक्त वातावरण/परिसर भएको हुनु पर्नेछ । (ख) घर कम्तिमा दुई कोठा पर्याप्त प्यासेज वा ४ कोठा भएको फ्ल्याट वा कोठा हुनु पर्नेछ । (ग) घरसम्म जानेमोटर बाटो हुनु पर्नेछ । (घ) घर परिसरमा मोटरसाईकल पार्किङ्ग गर्न सकिने पर्याप्त पार्किङ्ग क्षमता तथा व्यवस्था भएको हुनु पर्नेछ वा कम्तीमा दश वटा मोटरसाईकल पार्किङ गर्न मिल्ने हुनु पर्नेछ । (ङ) पानी तथा ढल, बिजुली आदिको पर्याप्त व्यवस्था भएको हुनु पर्नेछ ।

**३. प्रस्ताव पेश गर्ने तरिका र पेश गर्नुपर्ने न्यूनतम विवरण:–** घर रहेको जग्गाको जग्गाधनि प्रमाणपूर्जा, तिरो तिरेको रसिदर नक्सा पासको फोटोकपी सहित भाडामा दिन चाहेको मासिक भाडादर अङ्क र अक्षरमा समेत खुलाई घर जग्गा धनीको नाम, ठेगाना, सम्पर्क नम्बरसमेत उल्लेख गरी सिलबन्दी दरखास्त (प्रस्ताव) दिनु पर्नेछ । **४. प्रस्तावदाखिला गर्ने स्थान :** कम्पनीको प्रधान कार्यालय, रामशाहपथ स्थित सामान्य प्रशासन शाखा ।

**५. घर भाडा भुक्तानी सर्तहरू र करकट्टी विवरण :–** मासिकरूपमा भाडा रकम भुक्तानी गरिने र भाडा भुक्तानी गर्दा नियमानुसार अग्रिम करकट्टी गरीभुक्तानी गरिनेछ । **६.** तोकिएको म्याद नाघी आएका वा रितपूर्वक नआएकादरखास्त उपर कुनै कारवाही गरिने छैन । घर भाडामा लिने वा नलिने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।

***बिस्तृत जानकारीका लागि : राष्ट्रिय बीमा कम्पनी लि.प्रधान कार्यालय, रामशाहपथ काठमाडौं, फोन नं.: ४२५८८६६ फ्याक्स: ४२५८७२१***

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई